# तथ्याङ्क तथा अभिलेख अद्यावधिक गरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको तथ्यांक संकलन तथा अध्यावधिक गर्ने कार्यविधि, २०७७

प्रस्तावना: नेपालको संविधान, प्रचलित कानून, नीति, नियम तथा अन्तराष्ट्रिय तहमा नेपाल सरकारको तर्फबाट पेश हुने प्रतिवेदन समेतको लागि महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैंगिक अल्पसंख्यकसँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरु स्थानीय तथा प्रदेश तहबाट संकलन गरी नियमित रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा तथ्याङ्क सहितको प्रतिवेदन पठाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "तथ्याङ्क तथा अभिलेख अद्यावधिक गरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको तथ्यांक संकलन तथा अध्यावधिक गर्ने कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ |

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "तथ्याङ्क तथा अभिलेख" भन्नाले महिला, बालबालिका, ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैगिक अल्पसंख्यक सम्बन्धित कुनै पनि तथ्याङ्क तथा अभिलेख सम्झनु पर्छ ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले सातै प्रदेशका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी विषय हेर्ने सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

परिच्छेद –२

## उदेश्य तथा तथ्याङ्क संकलन

३. कार्यविधि निर्माणको उदेश्यः

(क) स्थानीय तहदेखि केन्द्रसम्म तथ्यांक तथा अभिलेख अद्यावधिक गरी एकिकृत प्रतिवेदन प्रणाली स्थापित गर्नु ।

(ख) तथ्यांक संकलन तथा विवरण अद्यावधिक तथा अभिलेखिकरण कार्यमा एकरुपता ल्याउनु ।

(ग) उपलव्ध तथ्यांकहरुको आधारमा नीति निर्माण तर्जुमा तथा कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रभावकारी बनाउनु ।

(घ) तथ्यांकीय तथा अभिलेख प्रणालीको गुणस्तर वृदि गर्दै लग्नु ।

४. सूचना तथा तथ्याङ्क संकलन गर्ने: (१) प्रत्येक प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र भौगोलिक क्षेत्र भित्रको सूचना तथा तथ्याङ्क अद्यावधिक गर्नुपर्नेछ ।

(२) दफा १ बमोजिम संकलन भएका तथ्यांकहरु प्रदेशका सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहले अनुसूचीमा अभिलेख भए बमोजिमको ढाँचामा तयार गरी चौमासिक तथा बार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

५. तथ्याङ्क पठाउने सम्वन्धी व्यवस्थाः (१) सामाजिक विकास मन्त्रालयले तथा स्थानीय तहले प्रत्येक चैमासिक र वार्षिक रुपमा तोकिएको ढाँचामा तथ्याङ्क र विवरणहरु पठाउदा Excel मा सफ्ट कपी तथा हार्डकपीमा समेत प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

(२) तथ्यांक उपलव्ध गराउदा तथ्याङ्कको स्रोत, एकाई र संकलन गरिएको वर्ष स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ ।

(३) तथ्याङ्क संकलन गर्दाका विधी र तरिकाहरु न्युनतम तथ्यांङ्कीय मापदण्ड अनुरुप हुने गरि एकरुपता र स्तरिकृत गरेको हुनपर्नेछ ।

(४) तथ्याङ्क संकलन र सम्प्रेषण गर्दा महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा यौनिक तथा लैंङ्गिक अल्पसंख्यक सबैको विवरण स्पस्ट खुल्ने गरि खण्डीकृत रुपमा तयार गरी अनुसूची बमोजिमको ढाँचामा पठाउनु पर्नेछ।

(५) तथ्याङ्क संकलनलाई दिगो विकास लक्ष्यका सूचक सँग आवद्ध गर्ने गरि आवश्यक व्यवस्था मिलाउने र दिगो विकास सम्बन्धी सूचकहरु सोही ढाँचामा उपलब्ध गराउनु पर्नेछ।

(६) मन्त्रालयले तोकेको अनुसूची बमोजिमको ढाँचामा आवश्यक विवरण निरन्तर रुपमा उपलव्ध गराउने विषयलाई प्राथमिकता दिनुपर्नेछ ।

(७) तथ्याङ्कको निरन्तर प्रतिवेदनका लागि एक जना कर्मचारीलाई तथ्यांकीय सम्पर्क व्यक्ति तोक्ने र सो को जानकारी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा नाम, पद र सम्पर्क नम्वर सहित उपलव्ध गराउने।

६. सूचना तथा तथ्याङ्क गोप्य राख्नुपर्नेः (१) प्रचलित संघीय कानून अनुसार गोप्य राख्नु पर्ने भनिएका सूचना तथा तथ्याङ्कको गोपनियता समवन्धित सवैले कायम गर्नु पर्नेछ ।

परिच्छेद- ३

विविध

७. संशोधन सम्बन्धी व्यवस्थाः यस कार्यविधिमा उल्लेखित व्यवस्था थपघट वा संशोधन गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

८. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयको सम्वन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची

तथ्याङ्कीय सूचकहरु:

आर्थिक वर्ष: प्रतिबेदनको अबधि: ..........देखि ............सम्म

प्रदेश/स्थानीय तहको नाम :

| सूचकहरु | विवरण | सन्दर्भ अवधि | तथ्यांकको श्रोत |
|---|---|---|---|
| १. महिला सम्वन्धी विवरण | | | |
| महिलाको जनसंख्या | | | |
| सामाजिक सुरक्षा भत्ता पाउने एकल महिलाको संख्या | | | |
| लैङ्गिक उत्तरदायी वजेट (प्रतिशतमा) | | | |
| स्थानीय तहमा महिलाको प्रतिनिधित्व (प्रतिशतमा) | | | |
| लैङ्गिक हिंसाका घटना | | | |
| हवाई उद्धार गरिएको गर्भवती महिलाको संख्या | | | |
| लैंगिक हिंसा पिडित/ प्रभावितको लागि संचालित सेवा केन्द्र संख्या | | | |
| लैंगिक हिंसा पिडित/ प्रभावितको लागि संचालित सेवा केन्द्रमा आश्रय लिनेको संख्या | | | |
| मानव वेचबिखनका पिडित/ प्रभावित हरुको लागि संचालित पुनर्स्थापना केन्द्रको संख्या | | | |
| मानव वेचबिखनका पिडित/ प्रभावित हरुको लागि संचालित पुनर्स्थापनाकेन्द्रमा आश्रय लिनेको संख्या | | | |
| यौनिक तथा लैंगिक अल्पसंख्याकहरुको संख्या (विवरण) | | | |
| २. बाल बालिका तथा किशोर किशोरी | | | |
| बालबालिकाको जनसंख्या (१८ वर्ष सम्म) | | | |
| सामाजिक सुरक्षा भत्ता पाउने बालबालिकाको संख्या | | | |
| बालविकास केन्द्रको संख्या | | | |
| बालगृहहरुको संख्या | | | |
| बालगृहमा पुर्नस्थापना भएका बालबालिकाको जम्मा संख्या | | | |
| बालगृहमा आश्रय लिने बालिकाको संख्या | | | |

| सूचकहरु | विवरण | सन्दर्भ अवधि | तथ्यांकको श्रोत |
|---|---|---|---|
| बालगृहमा आश्रय लिने बालकको संख्या | | | |
| सडक बालबालिकाको संख्या | | | |
| बालबालिकाको क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | | | |
| ३. न्यायिक समितिमा परेका उजुरीहरुको बिबरण | | | |
| न्यायिक समितिमा परेका जम्मा उजुरीहरुको संख्या | | | |
| बालविवाह | | | |
| जवरजस्ती करणी | | | |
| जवरजस्ती करणीको उद्योग | | | |
| घरेलु हिंसा | | | |
| मानव बेचविखन | | | |
| सम्वन्ध विच्छेद | | | |
| बहुविवाह | | | |
| बोक्सीको आरोप | | | |
| वैवाहिक जवरजस्ती करणी | | | |
| गर्भपतन | | | |
| दाइजो | | | |
| कुटपीट/लुटपिट | | | |
| अपहेलना | | | |
| यातना | | | |
| अन्य (खुलाउने) | | | |
| ४.ज्येष्ठ नागरिक | | | |
| ज्येष्ठ नागरिकको संख्या | | | |
| सामाजिक सुरक्षा भत्ता पाउने महिला ज्येष्ठ नागरिकको संख्या | | | |
| सामाजिक सुरक्षा भत्ता पाउने पुरुष ज्येष्ठ नागरिकको संख्या | | | |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | | | |
| निर्माण भएको वृद्धाश्रम संख्या | | | |

| सूचकहरु | विवरण | सन्दर्भ अवधि | तथ्यांकको श्रोत |
|---|---|---|---|
| वृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकको संख्या | | | |
| सय वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुको संख्या | | | |
| विपन्न /असहाय ज्येष्ठ नागरिकहरुको संख्या | | | |
| सडकबाट उद्दार गरिएका ज्येष्ठ नागरिकको संख्या | | | |
| जेष्ठ नागरिकको क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | | | |
| ५. अपाङ्गता भएका ब्यक्ति | | | |
| सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका ब्यक्ति | | | |
| पूर्ण अशक्त अपाङ्गता (क) श्रेणीका सुरक्षा भत्ता पाउने ब्यक्ति | | | |
| अति असक्त अपाङ्गता (ख) श्रेणीका सुरक्षा भत्ता पाउने ब्यक्ति | | | |
| अपाङ्गता पुनस्थार्पना केन्द्र संख्या | | | |
| अपाङ्गता पुनस्थार्पना केन्द्रमा पुनर्स्थापित संख्या | | | |
| सडकबाट उद्दार गरिएका अपाङ्गता भएका ब्यक्ति | | | |
| अपांगता क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | | | |
| अपांगता परिचयपत्र वितरण | | | |
| रातो कार्ड पाउनेको संख्या (क श्रेणीको) | | | |
| निलो कार्ड पाउनेको संख्या (ख श्रेणीको) | | | |
| पहेलो कार्ड पाउनेको संख्या (ग श्रेणीको) | | | |
| सेतो कार्ड पाउनेको संख्या (घ श्रेणीको) | | | |
| पुनर्स्थापनाको क्षेत्रमा कम गर्ने संघ संस्थाको बिबरण (खुल्ने गरि) | | | |
| | | | |
| | | | |
| | | | |

नोटः प्रदेश तथा स्थानीय तहले आवश्यकता अनुसारका माथि उल्लेख बाहेकका तथ्यांक तथा सूचकहरु संकलन तथा प्रकाशन र रिपोटिङ गर्न सक्नेछ ।